# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असोज २ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको कार्यकारी निर्देशक पदमा श्री किरण तिमसिना, झापालाई नियुक्ति गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भोटेकोशी बाढीबाट सिर्जित विपद पछिको आवश्यकता मूल्याङ्कन (PDNA) कार्यमा खटिने कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा दीर्घायु कुमार श्रेष्ठ, काठमाडौंलाई नियुक्ति गर्ने। |
| ५ | गृह मन्त्रालय | नेपाल नागरिकता (पाँचौ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ६ | गृह मन्त्रालय | नेपाल प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति प्रदान गर्ने। |
| ७ | गृह मन्त्रालय | २०८३ असोज २६ र २७ मा भारतको नयाँ दिल्लीमा BIMSTEC प्रथम गृह मन्त्रीस्तरीय (BIMSTEC Home Ministers) र उच्च अधिकारीको बैठकमा सहभागी हुन माननीय गृहमन्त्री र गृह मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | कन्सुलर सेवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्नेसम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | नेपाल र गणतन्त्र स्लोभेनियाका परराष्ट्र मन्त्रालयहरूबिच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| १० | परराष्ट्र मन्त्रालय | २०८३ असोज १९ देखि २६ गतेसम्म Pre-COP Leaders’ Event कार्यक्रम लगायत शिष्टाचार भेटघाट तथा नेपाली समुदायसँगको अन्तर्क्रिया कार्यक्रममा सहभागी हुन परराष्ट्रमन्त्री श्री शिशिर खनाललाई टुभालु, फिजी र अष्ट्रेलियाको भ्रमण गर्न स्वीकृति प्रदान गर्ने। |
| ११ | पूर्वाधार विकास मन्त्रालय | पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सञ्चालन विभिन्न १८८ वटा आयोजना/योजनाहरूमा आ.व.२०८३/८४ का लागि अधिकृतस्तरका ८३१ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १२ | शिक्षा तथा खेलकुद मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सदस्य-सचिवमा श्री प्रमोद भक्त आचार्य, तनहुँलाई तोक्ने। |
| १३ | शिक्षा तथा खेलकुद मन्त्रालय | प्रमुख छविकार श्री कुमार श्रेष्ठलाई रा.प.प्रथम श्रेणीको सहसचिव पदमा विशेष बढुवा गरी राजीनामा स्वीकृत गर्ने। |
| १४ | सूचना तथा सञ्चार मन्त्रालय | विज्ञापन बोर्डको अध्यक्ष पदमा श्री सन्तोष श्रेष्ठ, काठमाडौंलाई नियुक्त गर्ने। |
| १५ | सूचना तथा सञ्चार मन्त्रालय | सार्वजनिक सेवा प्रसारण नेपालको अध्यक्ष नियुक्तिको लागि सिफारिस समितिले गरेको सिफारिस रद्द गरी पुनः छनोट प्रक्रिया अगाडि बढाउने। |
| १६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिस समितिले गरेको सिफारिस रद्द गरी पुनः छनोट प्रक्रिया अगाडि बढाउने। |
| १७ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा | सहसचिवहरू श्री रुद्रप्रसाद पण्डित, श्री राम हरी ज्ञवाली र श्री ऋषि राज आचार्यको राजीनामा स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| | सामान्य प्रशासन मन्त्रालय | |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पशुपति क्षेत्र विकास कोष सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| १९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | लुम्बिनी विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| २० | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरीमा आर्थिक वर्ष २०८३/८४ का लागि अधिकृतस्तरका ४४ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २१ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | डा. संगिता कौशल मिश्रा, महोत्तरीलाई विश्व स्वास्थ्य संगठन दक्षिण पूर्वी एसियाका लागि क्षेत्रीय निर्देशक पदमा नेपालका तर्फबाट उम्मेदवार मनोनयन गर्ने। |
| २२ | देहायका व्यक्तिहरूलाई तपसिलबमोजिमका मुलुकहरूमा नेपाली राजदूतको पदमा नियुक्तिको लागि सिफारिस गर्ने र संसदीय सुनुवाईको लागि सङ्घीय संसदसमक्ष लेखी पठाउने।<br>१. डा. निश्चल नाथ पाण्डे - गणतन्त्र भारत<br>२. डा. कल्याण राज शर्मा – जनवादी गणतन्त्र चीन<br>३. श्री चिरन जङ्ग थापा - संयुक्त राज्य अमेरिका<br>४. श्री गौरव शम्शेर जंगबहादुर राणा - संयुक्त अधिराज्य<br>५. श्री सरू जोशी – सङ्घीय गणतन्त्र जर्मनी<br>६. श्री सुरेशकुमार कर्ण - इजरायल<br>७. श्री प्राप्ति शेरचन - स्पेन अधिराज्य<br>८. श्री जिज्ञान कुमार थापा - जापान<br>९. डा. पदमाक्षी राणा - ओमान<br>१०. श्री चूडामणि खरेल - मलेसिया<br>११. प्रा. डा. सङ्गम श्रेष्ठ - गणतन्त्र कोरिया<br>१२. डा. मंचला कुमारी झा – लोकतान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका<br>१३. श्री गिरी बहादुर सुनार - साउदी अरेबिया अधिराज्य | |
| २३ | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव श्री रुद्रसिंह तामाङलाई बढुवा गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने। | |
| २४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने। | |
| २५ | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |